दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १५६ | बुटवल | २०८३ जेठ २४ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday Jun 07, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

# 'जेनजी आन्दोलनमा बालबालिकालाई 'मानव ढाल' बनाइयो'

लुम्बिनी संवाददाता
*बुटवल*



राष्ट्रिय मानवअधिकार आयोगले गत भदौ २३ र २४ गते भएको 'जेनजी' आन्दोलनका क्रममा बालबालिकालाई 'ह्युमन शिल्ड' (मानवीय ढाल) का रूपमा प्रयोग गरिएको निष्कर्ष निकालेको छ ।

नेपाली कांग्रेसको पार्टी केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रममा बोल्दै आयोगद्वारा गठित 'भदौ २३ र २४ गतेको आन्दोलन जाँचबुझ समिति'की संयोजक एवं आयोग सदस्य डा. लिली थापाले यस्तो बताएकी हुन् ।

थापाले आन्दोलनका क्रममा भएका गतिविधिहरू मानवअधिकारको दृष्टिकोणबाट गम्भीर रहेको बताइन् । प्रतिवेदनमा प्रधानमन्त्री र नेपाली सेनालाई उन्मुक्ति दिइएको भनी उठेका प्रश्नहरूको खण्डन गर्दै डा. थापाले तथ्य र प्रमाणका आधारमा मात्र सिफारिस गरिएको स्पष्ट पारिन् ।

उनका अनुसार नेपाली सेनालाई घटनामा जिम्मेवार देखिएका कमाण्डरहरूलाई सचेत गराउन र आगामी दिनमा यस्ता कार्य नदोहोऱ्याउन निर्देशन दिन सिफारिस गरिएको छ ।

प्रधानमन्त्रीको नाम समावेश नगरिएको विषयमा स्पष्ट पार्दै उनले आफूहरु कसैसँग पनि नडराएको र गहन विश्लेषण र मानवअधिकारको दृष्टिकोणबाट मात्र रिपोर्ट तयार पारेको बताइन् । पीडित परिवारको पीडा र युवाहरूको मृत्युलाई आधार मानेर दोषीउपर सिफारिस गरिएको उनको भनाइ छ ।

जाँचबुझका क्रममा आयोगले ४३७ वटा भिडियो क्लिपहरूको अध्ययन गरेको थियो । ती भिडियोहरू वास्तविक हुन् वा कृत्रिम भन्ने छुट्याउन वाह्य विज्ञहरूको समेत सहयोग लिइएको थियो ।

परीक्षणका क्रममा करिब ३५ वटा भिडियोहरू वास्तविक पुष्टि भएको र तिनमा उच्च पदस्थ व्यक्ति तथा अभियन्ताहरूले हिंसात्मक गतिविधिमा उक्साएको प्रमाण भेटिएको बताइन् ।

आयोगकाअनुसार ती भिडियोहरूमा बालबालिकालाई अगाडि राखेर 'ह्युमन शिल्ड' बनाउन, बम बनाउन सिकाउन र सुरक्षाकर्मीमाथि आक्रमण गर्न उत्तेजक निर्देशनहरू दिइएको पाइएको छ ।

आन्दोलनमा 'प्रोभोकिङ' (उत्तेजक) भूमिका देखिएका ५४ जना व्यक्तिको पहिचान गरिएको र उनीहरूमाथि थप अनुसन्धान आवश्यक रहेको आयोगको ठहर छ । तीमध्ये कतिपयले आफू संलग्न नरहेको दाबी गरे पनि प्रमाणका आधारमा उनीहरूको भूमिका सन्देहास्पद देखिएकाले पुनरावलोकन प्रक्रियामा लैजान सुझाव दिइएको पनि उनले बताइन् । थापाले प्रतिवेदन तयारीका क्रममा नेपाली सेनाबाट अपेक्षित सहयोग प्राप्त नभएको बताएकी छन् ।

संवैधानिक निकायको क्षेत्राधिकारभित्र रहेर बयानका लागि बोलाउँदा समेत सेनाका जिम्मेवार अधिकारीहरू उपस्थित नभएको उनले बताइन् । 'हामीले सेनासम्बन्धी जुन सिफारिस गरेका थियौँ, त्यसबारे पनि केही कुरा स्पष्ट गर्न चाहन्छु । किनभने त्यतिबेला सेनाले हामीलाई अपेक्षित सहयोग गरेको थिएन,' थापाले भनिन्-'राष्ट्रिय मानवअधिकार आयोग एउटा संवैधानिक निकाय हो, जसले प्रधानमन्त्रीदेखि अन्य सम्बन्धित व्यक्तिहरूलाई बोलाएर बयान लिन सक्ने अधिकार राख्छ । त्यसैले हामीले सेनालाई निरन्तर रूपमा बोलाएका थियौँ । एकचोटि मात्र होइन, धेरै पटक ।'

मानवअधिकार आयोगले गठन गरेको भदौ २३ र २४ गतेको आन्दोलन जाँचबुझ समितिकी संयोजक थापाका अनुसार, आयोगले आन्दोलनको समयमा कमान्ड सम्हालेका जिम्मेवार सैनिक अधिकारीहरूलाई पटक-पटक बोलाए पनि उनीहरू उपस्थित भएनन् ।

'फेरि सेनाका सबै व्यक्तिलाई होइन, जो-जो कमान्डर तथा जिम्मेवार पदमा हुनुहुन्थ्यो, उहाँहरूलाई मात्र बोलाइएको थियो । तर समितिसँग सम्बन्धित ती व्यक्तिहरूलाई बोलाउँदा पनि उहाँहरू उपस्थित हुनुभएन,' थापाले भनिन्-'पहिलो पटक बोलाउँदा आउनुभएन । दोस्रो पटक रक्षा मन्त्रालयमार्फत पत्र पठाइयो । त्यसपछि आउँछु भन्नुभयो, तर रक्षा मन्त्रालयले पत्र पठाएपछि पनि आउनुभएन ।'

सेनाले सहयोग नगरेपछि उपलब्ध तथ्य र प्रमाणक ा आधारमा नै प्रतिवेदन तयार पारिएको उनले बताइन् । 'तेस्रो पटक हाम्रो अध्यक्षज्यूले सेना प्रमुखलाई आयोगमै बोलाउनुभयो । उहाँले अब म सहयोग गर्छु भन्नुभयो, तर त्यसपछि पनि आवश्यक सहयोग प्राप्त भएन,' थापाले भनिन्-'त्यसपछि समितिले अनन्तकालसम्म प्रतीक्षा गरेर बस्ने अवस्था थिएन। हामीले जे देख्यौँ, जे तथ्य फेला पाऱ्यौँ, त्यसैका आधारमा प्रतिवेदन तयार गऱ्यौँ ।'

आयोगले सार्वजनिक गरेको ६ सय पृष्ठ लामो विस्तृत प्रतिवेदनमा गहन विश्लेषणसहित नीतिगत सिफारिस र थप अनुसन्धानका विषयलाई छुट्टाछुट्टै राखिएको छ । प्रतिवेदनमा केही कमी-कमजोरी हुन सक्ने स्वीकार गर्दै थापाले आयोगको निर्देशिका बमोजिम चित्त नबुझ्ने पक्षलाई तीन महिनाभित्र पुनरावलोकनको निवेदन दिनसक्ने व्यवस्था रहेको जानकारी दिइन् ।

'निःसन्देह, प्रतिवेदनमा केही कमीकमजोरी हुन सक्छन् । म स्वयं पनि यो प्रतिवेदन शतप्रतिशत त्रुटिरहित छ भनेर दाबी गर्न सक्दिनँ । त्यसै कारण मानवअधिकार आयोगको निर्देशिकाले पनि के व्यवस्था गरेको छ भने कसैलाई प्रतिवेदनप्रति चित्त नबुझे तीन महिनाभित्र पुनरावलोकनको निवेदन दिन सकिन्छ,' उनले भनिन्-'हामीले नाम उल्लेख गरेका व्यक्तिहरूमध्ये दुई-तीन जना अभियन्ताहरूले आफूलाई दोषी नठहराइएको भए पनि अनुसन्धानको दायरामा राखिएको विषयमा आपत्ति जनाउँदै निवेदन दिनुभएको छ ।'

हालसम्म दुई-तीन जना अभियन्ताले आफ्नो नाम अनुसन्धानको दायरामा राखिएकोमा आपत्ति जनाउँदै निवेदन दिएको र आयोगले ती निवेदनहरूमाथि पुनरावलोकन प्रक्रिया अघि बढाउने उनले बताइन् ।

अन्तर्राष्ट्रिय मञ्चमा समेत यो प्रतिवेदनप्रति उच्च चासो रहेको थापाले सुनाइन् । जेनेभामा आयोजित मानव अधिकार परिषद्को बैठकमा अन्तर्राष्ट्रिय समुदायले आयोगको यस प्रतिवेदनबारे पटक-पटक प्रश्न उठाएको उनले बताइन् ।

'अब राष्ट्रिय मानवअधिकार आयोगले दिएका सिफारिसहरू कार्यान्वयन भएनन् भने के हुन्छ ? अन्तर्राष्ट्रिय रूपमा यसको प्रभाव स्वतः पर्ने नै छ,' उनले सुनाइन्- 'म केही समयअघि प्रतिवेदन सार्वजनिक हुनुअघि जेनेभामा मानव अधिकार परिषद्को कार्यक्रममा गएको थिएँ । त्यहाँ मलाई अन्य विषयमा बोल्नसमेत दिइएन । मानवअधिकार परिषद्का सदस्यहरूले एउटै प्रश्न बारम्बार सोधिरहेका थिए- तपाईंहरूको प्रतिवेदन कहाँ छ ?'

प्रतिवेदन सार्वजनिक भइसकेको अवस्थामा अब यसको कार्यान्वयन मुख्य चुनौती रहेको उनको भनाइ छ । 'कुन व्यक्ति को हो, कुन पक्षको हो भन्नेभन्दा पनि सिफारिसहरूको सार र उद्देश्यलाई सरकारले प्राथमिकता दिनुपर्छ । त्यसका आधारमा सिफारिसहरू कार्यान्वयन हुनुपर्छ,' उनले भनिन्-'अन्यथा विगतमा जस्तै प्रतिवेदन प्रधानमन्त्री कार्यालयको दराजमा थन्किएर बस्ने अवस्था दोहोरिनु हुँदैन ।'

आयोगले सिफारिस गरेका विषयहरू कार्यान्वयन नभए भविष्यमा पुनः सडक आन्दोलन हुनसक्ने र यसले अन्तर्राष्ट्रिय रूपमा समेत नेपालको छविमा नकारात्मक प्रभाव पार्ने उनको भनाइ थियो ।

## 'प्रधानमन्त्रीले माफी माग्नुपर्छ'




बुटवल । श्रम संस्कृति पार्टीले प्रधानमन्त्री बालेन्द्र शाहको अभिव्यक्तिविरुद्ध काठमाडौंको माइतीघर मण्डलमा प्रर्दशन गरेको छ ।

शनिबार श्रम संस्कृति पार्टीले प्रधानमन्त्रीको अभिव्यक्तिविरुद्ध खबरदारीसभा आयोजना गर्दै विरोध प्रदर्शन गरेको हो । प्रतिनिधिसभामा सांसदसँगको प्रश्नोत्तरका क्रममा प्रधानमन्त्री शाहले नेपालले पनि भारतको जमिन मिचेको अभिव्यक्ति दिएका थिए ।

त्यसलाई लिएर विपक्षी दल तथा नागरिक अगुवाले विरोध गर्दै आएका छन् । त्यही क्रममा शनिबार श्रम संस्कृति पार्टीले पनि प्रदर्शन गरेको हो ।

प्रधानमन्त्री शाहले गलत अभिव्यक्ति दिएको श्रम संस्कृति पार्टीका नेताहरूले बताएका छन् । यस विषयमा प्रधानमन्त्रीले माफी नमागेसम्म विरोध जारी रहने जनाइएको छ ।

प्रदर्शनमा सहभागीहरुले 'संसदमा प्रधानमन्त्रीले दिएको तथ्यहीन अभिव्यक्ति फिर्ता गर', 'सिंहदरबारको कुर्सीमा बस्दा नेपालीको भरोसा बन, कसैको कठपुतली नबन !', 'नेपाली माटोको रक्षा गर', 'राष्ट्रको सम्मान जोगाऔँ, गैर जिम्मेवार अभिव्यक्तिको विरोध गरौँ', 'लम्पसार कूटनीति होईन, स्वाभिमानको अडान राख' लगायत नारा लेखिएको प्लेकार्ड बोकेरका थिए ।

## शंकरले अघिसारे एमाले रूपान्तरणका ७ आधार



बुटवल । नेकपा एमालेका महासचिव शंकर पोखरेलले जनसम्बन्धको विकास र पार्टी रूपान्तरणका लागि गम्भीर आत्मसमीक्षा, लोकतान्त्रिक अभ्यास तथा संस्थागत प्रणालीको सुदृढीकरण आवश्यक रहेको बताएका छन् । उनले पार्टी रूपान्तरणका ७ आधार अघिसारेका छन् ।

गम्भीर आत्मसमीक्षा र रूपान्तरणको दृढ सङ्कल्प, कमिटी प्रणालीको पुनर्स्थापना तथा सुदृढीकरण, सामूहिक नेतृत्व प्रणालीको विकास, वर्गसंघर्ष र राजनीतिक सङ्घर्षमा सक्रिय जोड, जनपक्षीय जीवनशैली, व्यवहार र आचरणको अवलम्बनलाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन् ।

पार्टी जीवनमा लोकतान्त्रिक मूल्य-मान्यताको अनुशरण गर्दै नीति र नेतृत्व स्थापित गर्न नयाँ आधार तथा दृष्टिकोणको खोजी गर्न आवश्यक रहेको उनको भनाइ छ । उनले पार्टी रूपान्तरणको मुख्य आधार जनतासँगको बलियो सम्बन्ध, लोकतान्त्रिक अभ्यास र सङ्घर्षशील राजनीतिक संस्कार रहेको उल्लेख गरेका छन् ।

एकता, अनुशासन र विधिसम्मत प्रणालीको अनुशरण गर्दै संस्थागत प्रक्रियामार्फत् मात्रै पार्टीका लक्ष्य र उद्देश्यहरू प्रभावकारी रूपमा हासिल गर्न सकिने बताएका छन् ।

जनसम्बन्ध विस्तार, सामूहिक नेतृत्वको विकास, लोकतान्त्रिक अभ्यासको प्रवर्द्धन र जनपक्षीय राजनीतिलाई पार्टी रूपान्तरणका प्रमुख आधारका रूपमा अघि बढाउनुपर्नेमा जोड दिएका छन् ।

## कानुन निर्माणमा तीन तहका सरकारबिच समन्वय : सभामुख



बुटवल । सभामुख डोलप्रसाद अर्यालले कानुन निर्माण गर्दा तीन तहका सरकारबिच समन्वय एवं सहकार्य हुनुपर्ने बताएका छन् । अन्तर व्यवस्थापिका मञ्चले टीकापुरमा शनिबार आयोजना गरेको अन्तरव्यवस्थापिका सम्मेलनमा उनले सो कुरा बताएका हुन् ।

सम्मेलनमा बोल्दै उनले सङ्घीयता कार्यान्वयनमा सङ्घीय संसद् र प्रदेशसभाबिच प्रभावकारी रुपमा समन्वय, सहयोग र सहकार्य हुनुपर्ने बताए । तीन तहका सरकारबिचको समन्वय र सहकार्यमा नबाझिने गरी कानुन निर्माण हुनुपर्नेमा जोड दिँदै सभामुखले भने-"तीनवटै तहका सरकारले बनाउने कानुन नबाझिने गरी काम गर्न म प्रतिबद्ध छु, सबैसँग समन्वय, सहकार्य गरेर कानुन निर्माणलाई अगाडि बढाउनेछु । आपसी समन्वय र सहकार्यले मात्र जनताका अपेक्षालाई बुझेर काम गर्ने वातावरण बन्नेछ ।"

कानुन निर्माण हुँदा लक्षितवर्गलाई केन्द्रमा राख्नुपर्नेमा सभामुख अर्यालले जोड दिए । कानुनको कार्यान्वयन गर्नुपर्ने वर्गले कानुन निर्माण भएपछि मात्रै थाहा पाउँदा कार्यान्वयनमा चुनौती देखिँदै गएको भन्दै उनले लक्षित समूहसँग समन्वय र सहकार्य गरेर मात्रै कानुन निर्माण गरिनुपर्ने बताए । सभामुख अर्यालले सङ्घीयताले सिंहदरबारको अधिकार गाउँगाउँमा पुऱ्याउने भनिए भए पनि त्यो अधिकार अझै सिंहदरबार बाहिर जान नसकेको बताएका छन् । "अझै हामीले जनतालाई दिनुपर्ने अधिकार गाउँ-गाउँसम्म पुऱ्याउन सकेका छैनौँ ।"-उनले भने ।

## क्रिकेट संघ रूपन्देहीको अध्यक्षमा शक्तिको उम्मेदवारी



बुटवल । क्रिकेट संघ रूपन्देहीको पाँचौं अधिवेशनबाट चयन हुने नेतृत्वका लागि पूर्व क्रिकेटर शक्ति गौचनले अध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेका छन् ।

शनिबार भैरहवामा आफ्नो मातृ क्लब लुम्बिनी खुकुरी क्लबको आयोजनामा पत्रकार सम्मेलन गरी गौचनले अध्यक्ष पदमा उम्मेदवारी दिने जानकारी गराएका हुन् ।

यही जेठ २५ गते भैरहवामा संघको अधिवेशन हुँदैछ। हालका अध्यक्ष हरिबहादुर थापाले चौथो अधिवेशनमै पाँचौं अधिवेशनमा गौचनलाई अध्यक्ष बनाउने सहमति गरे पनि अहिले सहमति तोडेर पुनः उम्मेदवारी घोषणा गरेपछि आफूले पनि औपचारिकरुपमा उम्मेदवारी घोषणा गर्नुपरेको गौचनले बताए ।

नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्व स्पिनर गौचनले क्रिकेटको उर्बर भूमि रुपन्देहीमा अन्तर्राष्ट्रियस्तरका प्रतियोगिता आयोजना र ग्रासरुटबाटै क्रिकेट खेललाई अगाडि बढाई जिल्लाको क्रिकेटलाई नयाँ उचाइमा पुऱ्याउने लक्ष्यसहित संघको नेतृत्वमा आउन चाहेको बताए ।

जुनियर लेबलमा क्रिकेटका लागि पूर्वाधारमा धेरै काम गर्नुपर्ने देखिएको बताउँदै आफू त्यसमा लाग्ने गौचनको भनाइ छ । आफू निर्वाचित भएमा आगामी ४ वर्षभित्र जिल्लाका ६ वटै नगरमा क्रिेट खेल मैदानलाई पूर्णता दिई रूपन्देहीलाई क्रिकेटको हबको रूपमा विकास गर्ने गौचनले प्रतिबद्धता जनाए ।

जिल्लामा रहेका क्रिकेट क्लबहरु मध्ये आधा बढी आफ्नो समर्थनमा रहेका र ७५ प्रतिशत खेलाडीको साथ पाएकाले यसपटक आफू विजयी हुने गौचनले दाबी गरे । सन् २००१ मा बंगलादेशमा भएको प्रतियोगितामा यू-१७ टोलीबाट क्रिकेट सुरु गरेका शक्तिले सन् २०१८ मा सन्यास लिएका थिए। नेपालले एकदिवसीय क्रिकेटमा पाइला टेकेकै दिन खेलाडीको रूपमा विश्राम लिएका सन्न्यासपछि भैरहवामा आफ्नो स्टार क्रिकेट एकेडेमीमा प्रशिक्षणमा व्यस्त छन् भने तिलोत्तमाको एक्स्ट्राटेक ओभल, न्यू होराइजन क्रिकेट क्लबलगायतमा प्रशिक्षक छन् ।

» बाँकी ३ पेजमा

गाउँवासीहरूमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

दिनेश सारू
प्रमुख प्रशासकीय अधिकृत

प्रेम श्रेष्ठ
अध्यक्ष

तिनाउ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, दोभान, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# मल अभाव पूर्ति गर

नेपालको प्रमुख खाद्य बाली धान लगाउने मौसम आएको छ । कुल उत्पादनको ठूलो हिस्सा धान तराई क्षेत्रमा हुन्छ । तराईमा धान खेती गर्दा रासायनिक मल अनिवार्य छ । पहिले गोबरमलको प्रयोग अत्याधिक हुने गरेकोमा पछिल्ला वर्ष रासायनिक मल अनिवार्य झै भएको छ । तर किसानले पर्याप्त मल पाउन नसक्दा धान उत्पादनमा असर परिरहेको छ ।

वर्षेनी मलको अभाव झेल्दै आएका किसानले यो वर्ष पनि उस्तै अभाव झेल्नुपर्नेछ । चालु आवका लागि सरकारले कुल २८ अर्ब ८२ करोड रुपैयाँ विनियोजन गरेको थियो । त्यसमा कृषि सामग्री कम्पनीले २० अर्ब १७ करोड ४० लाख रुपैयाँ प्राप्त गरेको र सो बजेटले ३ लाख ५९ हजार १०० मेट्रिक टन मल खरिद भएको छ ।

५ लाख ५० हजार मेट्रिक टन खरिद गर्ने योजना बनाइए पनि अन्तर्राष्ट्रिय बजारमा मूल्य आकासिएपछि किन्न नसक्दा किसानको अभाव कायमै रहने देखिन्छ । हाल १ लाख ५ हजार २४१ मेट्रिक टन मल कृषि सामग्री कम्पनीसँग मौज्दात रहेको छ । कृषि सामग्री कम्पनीले १९ अर्ब ५३ करोड बजेट खर्च भइसकेकोले थप मल तत्काल किन्न सक्ने अवस्था छैन । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि कम्पनीले हालसम्म २ लाख १० हजार मेट्रिक टन मल खरिदका लागि बोलपत्र आह्वान गरिसकेको तर इसराइल-इरान तनाव र मध्यपूर्व संकटका कारण अन्तर्राष्ट्रिय बजारमा युरियाको मूल्य प्रतिमेट्रिक टन ५९० डलरबाट बढेर १ हजार डलरसम्म पुगेको तथा डीएपीको मूल्य ११ सय डलर नाघेकाले आपूर्ति अनिश्चित बनेको छ ।

मल कृषि उत्पादनका लागि नभई नहुने वस्तु हो । मलको अभावले धान उत्पादनमा प्रतिकुल असर पर्ने देखिन्छ । यो समस्या वर्षेनी आउँदा दीगो समाधानको पहलकदमी किन हुन सकिरहेको छैन ? केही वर्षदेखि बजेटमा मल कारखाना खोल्ने बारे एउटा बुँदा उल्लेख भइरहेको छ । यो वर्षको बजेटमा पनि अर्थमन्त्रीले मल कारखानाको कुरा कोट्याउन भ्याए । आखिर किन किसानलाई ढाँटिरहेको छ सरकार ? मल कारखाना किसानको आँखामा छारो हाल्ने होइन्, दीगो समाधानका लागि बन्नु पर्छ । मल केवल किसानको समस्या होइन्, यो त मुलुकको खाद्य सुरक्षाका लागि आवश्यक छ । तसर्थ मल समस्या सधैं बल्झिरहने घाउ बन्नु हुँदैन । समाधानको पहलकदमी ल्याऊ । किसानको मुहारमा उज्यालो ल्याउँदा आम नागरिकको अनुहार उज्यालो बन्ने वातावरण बन्छ ।

# देश बदल्न प्रतिभा प्रस्फुटन



निर्मला क्षेत्री



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको 'डिपार्चर गेट' आज केवल एउटा भौतिक संरचना मात्र होइन, नेपाली समाजको गहिरो मनोदशा, राष्ट्रिय आकांक्षा र सामूहिक पीडाको संवेदनशील प्रतीक बनेको छ । त्यहाँ हरेक दिन सयौं युवाका आँखा रसाउँछन्, अभिभावकका मन भारी हुन्छन्, अनि देशका ऊर्जा, क्षमता र भविष्यका संवाहक आफ्ना सपना सुटकेसभित्र कसेर विदेशतर्फ उडिरहेका हुन्छन् । कसैले उच्च शिक्षा खोज्दै, कसैले सम्मानजनक रोजगारीको खोजीमा त कसैले आफ्नो प्रतिभाको उचित मूल्याङ्कन नपाएको पीडासहित देश छोडिरहेका छन् । विमानस्थलको त्यो दृश्य अब व्यक्तिगत निर्णयको कथा मात्र रहेन; त्यो त राज्यका संरचना, समाजको मनोविज्ञान र अवसरविहीनताको कठोर यथार्थको प्रतिविम्ब बनेको छ ।

शिक्षित युवा, दक्ष चिकित्सक, अब्बल इन्जिनियर, अनुसन्धानकर्ता, नर्स, वैज्ञानिक र सूचना प्रविधिमा विश्वस्तरीय क्षमता राख्ने युवाको निरन्तर पलायनले नेपाललाई प्रतिभा र सम्भावनाको 'मरुभूमीकरण' तर्फ धकेलिरहेको अनुभूति हुन थालेको छ । बिदेसिने धेरै युवा देशप्रति घृणा बोकेर होइन, यहाँ अवसर, सम्मान र भविष्य नदेखेर बिदा भइरहेका छन् । उनीहरू नेपालमै केही गर्न चाहन्थे तर प्रणालीप्रतिको निराशाले उनीहरूलाई पलायनको बाटो रोज्न प्रेरित गर्‍यो । यो केवल आर्थिक बाध्यता वा रोजगारीको खोजीमा भएको सामान्य बसाइँसराइ होइन, यो त राज्यप्रतिको कमजोर भरोसा, संस्थागत अस्थिरता, राजनीतिक हस्तक्षेप, नातावाद र अवसरको असमान वितरणले जन्माएको गहिरो मनोवैज्ञानिक सङ्कट हो । यो देशमा केही हुँदैन, पहुँच र शक्ति नभई अवसर पाइँदैन, मेहनतभन्दा चिनजान ठुलो हुन्छ भन्ने निराशाजनक भाष्य अहिले समाजको गहिराइसम्म फैलिएको छ ।

यही निराशाको वातावरणबिच भक्तपुरकी आरती न्यौपानेले निजामती सेवामा यस्तो इतिहास रच्नुभएको छ, जसले समाजमा आशाको नयाँ बहस जन्माएको छ । उहाँको सफलताले केवल एउटा प्रशासनिक उपलब्धिको समाचार दिएको छैन; यसले राज्य, प्रणाली, योग्यता र सम्भावनाबारे नेपाली समाजलाई फेरि एक पटक गम्भीर भएर सोच्न बाध्य बनाएको छ । विसं २०७५ सालमा लोक सेवा आयोगको प्रतिस्पर्धात्मक परीक्षा उत्तीर्ण गरी शाखा अधिकृतबाट निजामती यात्रा सुरु गरेकी आरतीले छोटो समयमै जुन उचाइ हासिल गरिन्, त्यो नेपाली प्रशासनिक इतिहासमै असाधारण उपलब्धि हो । २०७९ सालमा उपसचिव र २०८३ सालमा मात्र ३१ वर्षको उमेरमा खुला महिला प्रतिस्पर्धाबाट सहसचिव बन्न सफल हुनु सामान्य घटना होइन । यो कठोर परिश्रम, निरन्तर अध्ययन, अनुशासन, आत्मविश्वास र बौद्धिक क्षमताको परिणाम हो ।

धेरै कर्मचारीले दशकौं सेवा गर्दा पनि नीति निर्माण तहसम्म पुग्ने अवसर पाउँदैनन् । यस्तो संरचनाभित्र आरतीले छोटो समयमै उच्च प्रशासनिक तहमा पुगेर नयाँ उदाहरण स्थापित गर्नुभएको छ । उहाँको सफलता केवल व्यक्तिगत उपलब्धि होइन; यो योग्यता, प्रतिस्पर्धा र निष्पक्ष प्रणालीको शक्तिशाली प्रमाण हो । आरतीको यात्राले एउटा महत्वपूर्ण सन्देश दिएको छ, राज्यप्रणाली निष्पक्ष, पारदर्शी र राजनीतिक प्रभावबाट मुक्त छ भने सामान्य परिवारबाट आएका युवाले पनि आफ्नै क्षमता र मेहनतका आधारमा देशको नेतृत्व तहमा पुग्न सक्छन् । आज देशका हजारौँ युवाले आरतीको सफलतामा आफ्नै सम्भावनाको प्रतिविम्ब देखिरहेका छन् ।

मेहनत, अध्ययन र अनुशासन अझै पनि शक्तिशाली माध्यम बन्न सक्छन् । यस्तो उदाहरणले समाजमा आशा जगाउँछ, निराशा तोड्छ र युवालाई देशभित्रै सम्भावना खोज्न प्रेरित गर्छ । नेपालमा राजनीतिक परिवर्तनका धेरै चरण आए । व्यवस्था फेरियो, संविधान फेरियो, सरकार फेरिए । विडम्बना, धेरै सार्वजनिक संस्थाको विश्वसनीयता क्रमशः कमजोर बन्दै गयो । विश्वविद्यालयदेखि सार्वजनिक संस्थानसम्म, नियुक्तिदेखि नेतृत्व चयनसम्म, दक्षताभन्दा राजनीतिक निष्ठालाई प्राथमिकता दिने प्रवृत्तिले संस्थागत संस्कारलाई गम्भीर रूपमा कमजोर बनायो । यस्तो अवस्थामा लोक सेवा आयोग भने अझै पनि तुलनात्मक रूपमा निष्पक्षता, प्रतिस्पर्धा र योग्यताको प्रतीकका रूपमा उभिन सफल भएको छ । आरतीको सफलता त्यसैको प्रमाण हो । यसले युवालाई कम्तीमा एउटा सन्देश दिएको छ, "यो देशमा अझै पनि केही संरचना बाँकी छन्, जहाँ मेहनतको मूल्य पाइन्छ ।" यही प्रश्न यहाँ गम्भीर रूपमा उठ्छ, लोक सेवा आयोग जस्तो निष्पक्ष प्रणाली अन्य क्षेत्रमा किन निर्माण हुन सक्दैन ? किन विश्वविद्यालय राजनीतिक हस्तक्षेपबाट मुक्त हुन सक्दैनन् ? किन अनुसन्धान र नवप्रवर्तनलाई राज्यले प्राथमिकता दिन सक्दैन ? किन योग्य चिकित्सक, वैज्ञानिक र अनुसन्धानकर्ता बिदेसिन बाध्य छन् ?

नेपालमा प्रतिभाको कमी छैन । कमी छ त अवसरको, विश्वासको र संस्थागत संस्कारको । जबसम्म सार्वजनिक संस्थामा योग्यताभन्दा राजनीतिक निकटता निर्णायक रहन्छ, तबसम्म प्रतिभा पलायन रोकिने छैन । आरतीको सफलता प्रेरणादायी अवश्य बन्ने छ तर त्यो राष्ट्रिय प्रवृत्तिमा रूपान्तरण हुन कठिन हुने छ । आज नेपालको सबैभन्दा ठुलो सङ्कट आर्थिक अभाव मात्र होइन; प्रतिभाको निरन्तर पलायन हो । लाखौं युवा बिदेसिएका छन् । गाउँ खाली हुँदै गएका छन् । विद्यालयमा विद्यार्थी घटिरहेका छन् । कृषियोग्य जमिन बाँझो हुँदै गइरहेको छ । परिवारहरू आर्थिक रूपमा टिकिरहेका भए पनि सामाजिक रूपमा विखण्डित हुँदैछन् । चिन्ताजनक विषय बिदेसिनेमध्येको ठुलो हिस्सा देशका सबैभन्दा ऊर्जाशील, शिक्षित र उत्पादक युवा हुन् । उनीहरू विदेशमा सफल भइरहेका छन् तर नेपालले उनीहरूको क्षमता गुमाइरहेको छ । यसले दीर्घकालीन रूपमा राज्यको आर्थिक, बौद्धिक र सामाजिक आधार कमजोर बनाइरहेको छ ।

युवा बिदेसिनुको मूल कारण केवल तलब होइन । उनीहरू सम्मान, स्थायित्व, अवसर र भविष्य खोजिरहेका छन् । जब देशभित्र मेहनतभन्दा पहुँच बलियो देखिन्छ, तब प्रतिभाशाली युवाले आफ्नो भविष्य बाहिर खोज्न थाल्छन् । यही अवस्थामा आरती जस्ता उदाहरणले आशा जगाउँछन् । निष्पक्ष प्रणालीले प्रतिभालाई अवसर दिन सक्छ तर राज्यले यस्ता उदाहरणलाई अपवादमा सीमित राख्नु हुँदैन; यसलाई राष्ट्रिय संस्कार बनाउने साहस गर्नु पर्छ । महिला नेतृत्वको नयाँ आयाम नेपाली समाज लामो समयसम्म पितृसत्तात्मक संरचनाबाट प्रभावित रह्यो । महिलाको क्षमतामाथि अविश्वास गर्ने, उनीहरूलाई सीमित भूमिकामा मात्र हेर्ने प्रवृत्ति अझै पूर्णरूपमा समाप्त भएको छैन । यद्यपि समयसँगै नेपाली महिलाले राजनीति, न्यायपालिका, शिक्षा, विज्ञान, खेलकुद र सामाजिक क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेका छन् । विद्यादेवी भण्डारी, सुशीला कार्की, पासाङ ल्हामु शेर्पा, अनुराधा कोइरालालगायतका महिलाले आफ्नो क्षेत्रबाट नेपाली महिलाको क्षमता विश्वसामु प्रमाणित गरिसकेका छन् । आरतीको सफलता त्यही शृंखलाको अर्को प्रेरणादायी अध्याय हो । उहाँले महिला सशक्तीकरणलाई केवल भाषण वा आरक्षणको सीमाभित्र नराखी व्यावहारिक उपलब्धिको स्तरमा स्थापित गर्नुभएको छ । निष्पक्ष प्रतिस्पर्धामा उत्रिएर उच्च प्रशासनिक पद हासिल गर्नु आफैँमा ठुलो सन्देश हो । यसले नेपाली युवालाई 'तिमी पनि सक्छौ' भन्ने आत्मविश्वास थपिदिएको छ । महिला सशक्तीकरणको वास्तविक अर्थ अवसरमा समान पहुँच, निष्पक्ष प्रतिस्पर्धा र नेतृत्व तहमा समान प्रतिनिधित्व हो । आरतीको सफलताले यही मूल्यलाई बलियो बनाएको छ । आज आरतीको सफलता देशका दुई फरक यथार्थबिच उभिएको छ । एकातिर विमानस्थलमा देश छोड्न बाध्य युवाको पीडा छ, अर्कोतिर देशभित्रै रहेर प्रणालीलाई नेतृत्व गर्न सक्ने सम्भावनाको उज्यालो पनि छ ।

अब राज्यले गम्भीर आत्ममन्थन गर्नै पर्छ । के हामी प्रतिभाशाली युवालाई निरन्तर विदेश पठाइरहने कि उनीहरूलाई यहीँ अवसर र सम्मान दिने वातावरण निर्माण गर्ने ? के सार्वजनिक संस्थाहरू राजनीतिक कार्यकर्ता व्यवस्थापन गर्ने थलो मात्र बन्ने, कि योग्य र सक्षम व्यक्तिको नेतृत्व स्थापित हुने ? के राज्यले युवालाई केवल भाषण दिने कि उनीहरूलाई अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलताका लागि वास्तविक आधार निर्माण गर्ने ? नेपाललाई आज सबैभन्दा बढी आवश्यक भनेको 'योग्यता तन्त्र' हो । भागबन्डा, पहुँच, नातावाद र राजनीतिक हस्तक्षेपको संस्कृतिले राज्यलाई कमजोर बनाएको छ ।

देशलाई आर्थिक सङ्कट, सामाजिक सङ्क्रमण र प्रतिभा पलायनबाट बचाउने हो भने हरेक क्षेत्रमा योग्यता, दक्षता र पारदर्शिताको संस्कार निर्माण गर्नै पर्छ । निराशाको बाक्लो कुहिरोबिच आरतीको सफलताले आशाको एउटा सानो झिल्को दिएको छ । त्यो झिल्कोलाई राष्ट्रिय आशाको महाज्योतिमा रूपान्तरण गर्ने जिम्मेवारी राज्य नेतृत्वकै हो । राज्यले युवालाई केवल वैदेशिक रोजगारको संख्या बढाउने साधनका रूपमा होइन, राष्ट्र निर्माणका साझेदारका रूपमा हेर्नु पर्छ । शिक्षामा लगानी, अनुसन्धानमा प्रोत्साहन, नवप्रवर्तनको वातावरण, निष्पक्ष नियुक्ति प्रणाली र योग्यतामा आधारित शासनप्रणाली निर्माण गर्न सकिए मात्र नेपालले आफ्ना प्रतिभा जोगाउन सक्छ । युवालाई पासपोर्टमा भिसा होइन, आफ्नै माटोमा भविष्य देखिने वातावरण चाहिएको छ । उनीहरूलाई केवल सपना होइन, सम्भावना चाहिएको छ । राज्यले त्यो सम्भावना निर्माण गर्न सक्यो भने, विमानस्थलका डिपार्चर गेटमा बग्ने आँसु क्रमशः रोकिने छन् ।

आरतीलाई बधाई दिँदै गर्दा राज्यले सिक्नुपर्ने सबैभन्दा ठुलो पाठ यही हो, देशलाई बदल्ने शक्ति प्रतिभामा हुन्छ र प्रतिभालाई फुल्न दिने जिम्मेवारी राज्यको हुन्छ । आज आवश्यकता केवल एउटा आरतीको सफलताको उत्सव मनाउने होइन; हजारौँ आरतीहरू जन्मिने वातावरण निर्माण गर्ने हो । जब देशभित्र योग्यता, सम्मान र अवसरको संस्कार स्थापित हुने छ, तब मात्रै नेपालले आफ्नो भविष्य आफ्नै युवाको हातमा सुरक्षित देख्न सक्ने छ ।

गोपबाट

# स्वास्थ्य बिमा कार्यक्रमलाई कसरी प्रभावकारी बनाउन सकिन्छ ?

नेपाल सरकारले 'सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा पहुँचयोग्य बनाउने' उद्देश्यका साथ सञ्चालन गरेको स्वास्थ्य बीमा बोर्डको कार्यक्रम सामाजिक सुरक्षाको अत्यन्त महत्वपूर्ण आधार बनेको छ। यसले विशेषगरी आर्थिक रूपमा कमजोर, विपन्न तथा दीर्घरोगी नागरिकलाई उपचार सेवामा ठूलो राहत प्रदान गरेको छ ।

तथापि, हाल स्वास्थ्य बिमासम्बन्धी सेवा अधिकांश जिल्ला केन्द्रमै सीमित रहँदा ग्रामीण तथा दुर्गम क्षेत्रमा रहेका नागरिकले सहज पहुँच पाउन कठिनाइ भोगिरहेका छन् । यस अवस्थामा स्वास्थ्य बिमा बोर्डको शाखा प्रत्येक पालिका/स्थानीय तहमा स्थापना गरी कम्तीमा एक जना स्वास्थ्य कर्मचारी खटाउने व्यवस्था गरिएमा कार्यक्रमको प्रभावकारिता, पहुँच तथा विश्वसनीयता उल्लेखनीय रूपमा वृद्धि हुने देखिन्छ। सो सम्बन्धमा निम्न सुझावहरू सम्मानपूर्वक प्रस्तुत गरिन्छः

**१. प्रत्येक पालिकामा स्वास्थ्य बिमा सेवा केन्द्र स्थापना**

हाल धेरै नागरिकले स्वास्थ्य बिमा नवीकरण, सदस्यता दर्ता, सेवा जानकारी तथा गुनासो व्यवस्थापनका लागि जिल्ला केन्द्रसम्म पुग्नुपर्ने बाध्यता छ। यसले समय, खर्च र झन्झट बढाइरहेको हुँदाः

प्रत्येक गाउँपालिका तथा नगरपालिकामा 'स्वास्थ्य बीमा सहायता तथा सेवा केन्द्र' स्थापना गरिनु आवश्यक छ ।

उक्त केन्द्र पालिकाको स्वास्थ्य शाखा वा आधारभूत अस्पतालसँग समन्वय गरी सञ्चालन गर्न सकिन्छ ।

नागरिकले आफ्नै पालिकाबाट निम्नलिखित सेवाहरू प्राप्त गर्ने व्यवस्था हुनुपर्छः

बिमा दर्ता तथा नवीकरण
कार्ड वितरण
सदस्य विवरण सच्याउने
सेवासम्बन्धी आधिकारिक जानकारी

अपेक्षाः यसबाट ग्रामीण क्षेत्रका नागरिकको पहुँच सहज भई स्वास्थ्य बीमा कार्यक्रममा सहभागिता उल्लेख्य रूपमा बढ्नेछ ।

२. प्रत्येक पालिकामा एक जना स्वास्थ्य बिमा कर्मचारीको व्यवस्था

कार्यक्रमलाई प्रभावकारी र उत्तरदायी बनाउन दक्ष तथा जिम्मेवार जनशक्ति अनिवार्य हुन्छ । त्यसैलेः प्रत्येक पालिकामा कम्तीमा एक जना "स्वास्थ्य बिमा संयोजक" वा स्वास्थ्य कर्मचारी खटाइनुपर्छ र उनीहरूलाई स्वास्थ्य बीमा सम्बन्धी विशेष तालिम प्रदान गरिनुपर्छ ।

कर्मचारीको मुख्य जिम्मेवारीः

नागरिकलाई बिमाबारे जानकारी दिने र घरदैलो सचेतना कार्यक्रम सञ्चालन गर्ने । बिमा नवीकरण अभियान सञ्चालन र सेवा उपयोगमा सहजीकरण गर्ने ।

नागरिकका गुनासो तथा समस्याहरूको तत्काल समाधान गर्ने ।

विशेषगरी अशिक्षित, ज्येष्ठ नागरिक तथा दुर्गम क्षेत्रका बासिन्दाका लागि यस्ता कर्मचारी अत्यन्त उपयोगी हुनेछन् ।

३. डिजिटल प्रणालीलाई स्थानीय तहसम्म विस्तार

सूचना प्रविधिको युगमा डिजिटल सेवा विस्तार नगरी कार्यक्रम पूर्ण रूपमा प्रभावकारी बन्न सक्दैन। त्यसैलेः

प्रत्येक पालिकामा अनलाइन बीमा प्रणाली सञ्चालन गर्न आवश्यक कम्प्युटर, इन्टरनेट तथा प्राविधिक पूर्वाधार उपलब्ध गराइनुपर्छ ।

नागरिकले मोबाइल एप वा अनलाइन प्रणालीमार्फत नवीकरण, प्रिमियम भुक्तानी, सदस्यता स्थिति हेर्न र आबद्ध अस्पतालहरूको सूची प्राप्त गर्न सक्ने व्यवस्था हुनुपर्छ ।

स्वास्थ्य बिमा बोर्ड र स्थानीय तहबीच एकीकृत डेटा समन्वय प्रणाली (Data Coordination System) विकास गरिनुपर्छ ।

यसले प्रशासनिक काममा पारदर्शिता बढाउनुका साथै अनियमितता तथा ढिलासुस्ती कम गर्नेछ ।

४. व्यापक जनचेतना अभिवृद्धि कार्यक्रम

धेरै नागरिक अझै पनि स्वास्थ्य बीमाको महत्व, सेवा सुविधा तथा प्रक्रियाबारे पूर्ण जानकारीबाट वञ्चित छन्, जसले गर्दा सहभागिता कम देखिएको छ । त्यसैलेः प्रत्येक पालिका र वार्ड स्तरमा नियमित रूपमा जनचेतना कार्यक्रम सञ्चालन गरिनुपर्छ ।

विद्यालय, महिला समूह, आमा समूह, युवा क्लब तथा सामुदायिक संस्थामार्फत प्रचार अभियान चलाइनुपर्छ ।

स्थानीय रेडियो, एफएम, सामाजिक सञ्जाल तथा स्वास्थ्य शिविरमार्फत सूचना प्रवाह गरिनुपर्छ । स्थानीय भाषा र सुन्न/बुझ्न सहज हुने गरी सञ्चार सामग्रीहरू तयार गरिनुपर्छ ।

५. स्वास्थ्य संस्थाको सेवा र गुणस्तरमा सुधार

स्वास्थ्य बिमा कार्यक्रमप्रति कतिपय नागरिकमा असन्तुष्टि देखिनुको प्रमुख कारण सेवा प्रवाह र गुणस्तरमा कमजोरी हुनु हो । यसलाई सुधार्नः

बीमासँग आबद्ध स्वास्थ्य संस्थाहरूमा औषधि, आवश्यक उपकरण तथा स्वास्थ्य जनशक्तिको पर्याप्तता सुनिश्चित गरिनुपर्छ ।

बिरामीलाई सम्मानजनक व्यवहार तथा छिटोछरितो सेवा दिने व्यवस्था मिलाइनुपर्छ ।

अनावश्यक प्रशासनिक झन्झट, प्रेषण प्रणालीको दुरुपयोग तथा ढिलासुस्ती नियन्त्रण गरिनुपर्छ ।

सेवाग्राहीको सन्तुष्टि मापनका लागि नियमित मूल्यांकन प्रणाली लागू गरिनुपर्छ ।

६. स्थानीय तहसँग सहकार्य र उत्तरदायित्व

स्वास्थ्य बीमा कार्यक्रमलाई स्थानीय सरकारको अपनत्व रहने गरी जोड्दा यसको प्रभावकारिता अझ बढी दिगो हुन्छ । त्यसैलेः

बीमा कार्यक्रम कार्यान्वयन र सचेतनाका लागि स्थानीय पालिकालाई निश्चित जिम्मेवारी र अधिकार प्रदान गरिनुपर्छ ।

बीमा कार्यक्रममा उत्कृष्ट कार्य गर्ने पालिकाहरूलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनुपर्छ । जनप्रतिनिधि, स्थानीय स्वास्थ्य संस्था र स्वास्थ्य बिमा बोर्डबीच नियमित अनुगमन तथा समन्वय समिति गठन गरिनुपर्छ ।

७. विपन्न तथा जोखिम समूहलाई विशेष सहुलियत

स्वास्थ्य बीमाको मूल उद्देश्य सामाजिक सुरक्षा र न्याय भएकाले कमजोर वर्गलाई पहिलो प्राथमिकतामा राख्नुपर्छः

अति विपन्न, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा दीर्घरोगीहरूलाई विशेष सहुलियत तथा प्राथमिकता दिइनुपर्छ ।

दलित, पिछडिएको समुदाय तथा दुर्गम क्षेत्रका नागरिकका लागि निःशुल्क वा अत्यधिक सहुलियतपूर्ण बिमाको व्यवस्था गर्न सकिन्छ ।

स्थानीय तहले यस्ता लक्षित परिवारहरूको पहिचान गरी बीमा कार्यक्रममा अनिवार्य आबद्ध गराउने नीति लिनुपर्छ ।

**निष्कर्ष**

स्वास्थ्य बिमा कार्यक्रम नेपालको स्वास्थ्य सुरक्षा प्रणालीको मेरुदण्ड हो । यसको प्रभावकारिता वृद्धि गर्न सेवालाई नागरिकको घरदैलोमै पुर्‍याउनु आवश्यक छ । त्यसैले प्रत्येक पालिका/स्थानीय तहमा स्वास्थ्य बीमा बोर्डको शाखा स्थापना गरी प्रशिक्षित स्वास्थ्य कर्मचारी खटाउने व्यवस्था आजको मुख्य आवश्यकता हो ।

यस कदमलेः

नागरिकको पहुँचमा वृद्धि र बीमा सहभागिताको विस्तार गर्नेछ ।

सेवा प्रवाहमा सहजता र पारदर्शिता ल्याउनेछ ।

कार्यक्रमप्रति जनविश्वास अभिवृद्धि गर्दै सार्वभौमिक स्वास्थ्य पहुँचको राष्ट्रिय लक्ष्य हासिल गर्न ठूलो योगदान पुर्‍याउनेछ ।

अतः माथि उल्लेखित व्यावहारिक सुझावहरूलाई आगामी वर्षको नीति तथा कार्यक्रममार्फत कार्यान्वयन गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

-(गंगाराम खनाल स्वास्थ्य अधिकृत हुन् ।)

# हानिकारक परम्पराविरुद्ध अन्तर-पुस्ता छलफल




अर्घाखाँची । सन्धिखर्क नगरपालिका वडा नं. २ का अध्यक्ष तथा नगर प्रवक्ता मोतीजङ्ग रायमाझीले समाजमा रहेका हानिकारक परम्पराविरुद्ध अन्तर-पुस्ता छलफल कार्यक्रमले युवा र वृद्ध पुस्ताबीच खुला संवाद सिर्जना गरेर बाल विवाह, दाइजो प्रथा, छुवाछूत र लैङ्गिक हिंसा जस्ता गहिरिएका सामाजिक कुरीतिहरूलाई न्यूनीकरण गर्न मद्दत गर्ने बताउँदै यसले पुस्तान्तरणको खाडल कम गर्दै समाजमा सकारात्मक परिवर्तन ल्याउन उत्प्रेरित गर्ने बताए ।

दलित महिला संघ र युएन वुमनको सहकार्यमा दलित चेतना विकास परिषद् नेपाल, अर्घाखाँचीले आज सदरमुकाममा आयोजना गरेको अन्तरपुस्ता छलफल कार्यक्रममा मन्तब्य राख्दै अध्यक्ष रायमाझीले यस्तो बताएका हुन् । अध्यक्ष रायमाझीले समाजमा रहेका हानिकारक परम्पराविरुद्ध न्यूनीकरणको लागि सबै लाग्नुपर्ने जनाए ।

कार्यक्रममा संस्थाको तर्फबाट राधा नेपालीले दलित महिला संघले महिलावादी अभियान, समावेशी सशक्तिकरण, र जातीय, लैङ्गिक तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षेत्रमा काम गर्दै आएको बताउँदै संस्थाले समुदायसँग मिलेर विभिन्न परियोजनाहरू सञ्चालन गर्ने र महिला सशक्तिकरण तथा दिगो विकासमा जोड दिइन् । नेपालीका अनुसार, संस्थाले ‘हाम्रो साहस परियोजना’ अन्तर्गत सामाजिक हानिकारक मूल्यमान्यता न्यूनीकरण एवं लैङ्गिक समानताका लागि सामाजिक मूल्यमान्यता परिवर्तन परियोजना सञ्चालन गरिरहेको छ ।

यस परियोजनाको मुख्य लक्षित वर्गमा महिला, दलित समुदाय र युवाहरू रहेका छन् । यसको उद्देश्य सामाजिक कुरीति न्यूनीकरण, संस्थागत क्षमता अभिवृद्धि र लैङ्गिक हिंसा न्यूनीकरण गर्नु हो । कार्यक्रमले महिला तथा पछाडि पारिएका समुदायको सशक्तिकरणमा थप सुदृढीकरण गर्ने विश्वास लिइएको छ । परम्परागत सोंच र व्यवहार परिवर्तन गर्न यो कार्यक्रम महत्वपूर्ण हुने राधा नेपालीले बताइन् ।

कार्यक्रममा वडा सदस्य विष्णुमाया भुसाल, निर्मला नेपाली, समाजसेवी लेखनाथ भुसाल, गैरसरकारी संस्थाका अध्यक्ष ठाकुर अधिकारीलगायतले मन्तब्य राख्दै समाज रूपान्तरण र परिवर्तनको लागि सबै एक हुनुपर्ने बताएका थिए ।

कार्यक्रम संस्थाका कावा अध्यक्ष राधा नेपालीको अध्यक्षता पत्रकार अनिल नेपालीको सहजीकरणमा सम्पन्न भएको थियो ।

# जातीय भेदभाव सभ्य समाजको कलङ्क : प्रजिअ सुवेदी

अर्घाखाँची । अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले जातीय भेदभाव तथा छुवाछुत सामाजिक रूपमा अनैतिक, अमानवीय र गम्भीर अपराधजन्य कार्य भएको बताएका छन् ।

राष्ट्रिय दलित पत्रकार संघ नेपाल, लुम्बिनी प्रदेश समितिको आयोजनामा २१औँ जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस-२०८३ को अवसरमा सन्धिखर्क नगरपालिका-२ स्थित भगवती माध्यमिक विद्यालयमा आयोजित “सभ्य समाजको आधार : जातीय भेदभाव र छुवाछुतको बहिष्कार” विषयक वक्तृत्वकला प्रतियोगिताको उद्घाटन गर्दै प्रजिअ सुवेदीले यस्तो बताएका हुन् ।

उनले जातीय भेदभाव तथा छुवाछुतलाई सभ्य समाजको कलङ्कका रूपमा चित्रण गर्दै यसको अन्त्य अनिवार्य रहेको बताए । प्रत्येक नागरिकले न्याय, समानता र स्वतन्त्रताको अनुभूति गर्दै बाँच्न पाउने नैसर्गिक अधिकार सुनिश्चित गर्न कानुनको प्रभावकारी कार्यान्वयन र समतामूलक समाज निर्माण आजको आवश्यकता भएको उनको भनाइ थियो ।

कार्यक्रममा सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रमोद खनालले जातीय भेदभाव समाजको कलङ्क भएकाले यस्ता कार्यमा संलग्नलाई कानुनी दायरामा ल्याउनुपर्ने बताए। साथै विद्यालय तथा विभिन्न सामुदायिक संघ-संस्थामार्फत जनचेतनामूलक अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

विद्यालयका प्रधानाध्यापक धुव्रबहादुर केसीले जातीय भेदभाव सामाजिक विकृति भएकाले यसको खुलेर विरोध गर्दै समतामूलक समाज निर्माणको अभियानमा सबै जुट्नुपर्ने धारणा व्यक्त गरे ।

वक्तृत्वकला प्रतियोगितामा १४ जना विद्यार्थीको सहभागिता रहेको थियो । प्रतियोगितामा लेनिन भट्टराई प्रथम, आयुष्मा पौडेल द्वितीय, शिशिर भट्टराई तृतीय तथा विपिन भट्टराई सान्त्वना स्थान हासिल गर्न सफल भएका थिए। विजेताहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा दलित अधिकारकर्मी विष्णु परियार, रामबहादुर परियार, सञ्जय नेपाली, जिल्ला स्थित सुरक्षा निकायका प्रमुख, नागरिक समाजका अगुवा, मानवअधिकारकर्मी तथा विभिन्न क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

राष्ट्रिय दलित पत्रकार संघ नेपाल, लुम्बिनी प्रदेश समितिका सचिव अनिल नेपालीको अध्यक्षता तथा केन्द्रीय पार्षद कमला परियारको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# भीडभाड कम गर्न अदालतमा नयाँ नियम



नेपालगन्ज । जिल्ला अदालत, बाँकेले अदालत परिसरमा हुने अनावश्यक भीडभाड नियन्त्रण गर्न र सुरक्षा व्यवस्थालाई थप चुस्त, मर्यादित एवं सुरक्षित बनाउन नयाँ नियम लागू गरेको छ ।

अदालत प्रशासनले एक सूचना जारी गर्दै आगामी जेठ २५ गतेदेखि अदालत प्रवेश गर्ने सबै सरोकारवालाका लागि विभिन्न नौ बुँदे निर्देशन अनिवार्य रूपमा पालना गर्नुपर्ने उल्लेख गरेको छ । अदालत परिसरमा हुन सक्ने सम्भावित असुरक्षा र अव्यवस्थालाई ध्यानमा राखेर सो निर्णय भएको बाँके जिल्ला अदालतको प्रशासनले जारी गरेको विज्ञप्तीमा जनाइएको छ ।

नयाँ व्यवस्थाअनुसार अब कानुन व्यवसायीले कानुन व्यवसायीको पेसागत आचरणसम्बन्धी नियमावली, २०७९ ले निर्दिष्ट गरेको पोसाक अनिवार्य रूपमा लगाएर मात्र अदालतमा प्रवेश पाउनुहुने छ । लेखापढी व्यवसायीको हकमा पनि संशोधित नियमावली बमोजिम तोकिएको पोसाक र परिचयपत्र अनिवार्य गरिएको छ ।

सेवाग्राहीको हकमा फिराद पत्र, प्रतिउत्तर पत्र वा अन्य निवेदन दर्ता गर्न आउँदा अनिवार्य रूपमा परिचयपत्र साथमा ल्याउनुपर्ने नियम बनाइएको छ । साक्षी बकपत्रका लागि उपस्थित हुने दुवै पक्षका साक्षीले आफ्नो पक्षको साक्षी निवेदन पत्रका साथमा र तारिखमा रहेका पक्ष वा वारिसहरूले तारिख पर्चासहित आफ्नो परिचयपत्र देखाएर मात्र अदालतभित्र प्रवेश पाउने व्यवस्था गरिएको गरिएको जानकारी आफूले पाएको अधिवक्ता वसन्त गौतमले जानकारी बताए ।

अदालतले मानवीय संवेदनशीलतालाई मध्यनजर गर्दै अशक्त तथा वृद्ध ज्येष्ठ नागरिकको सहायताका लागि भने एकजनासम्म सहयोगी साथमा ल्याउन पाउने सहुलियत दिएको छ । यसका साथै अदालत परिसरको स्वच्छता र मर्यादा कायम राख्नभित्र पान, गुटखालगायतका वस्तु सेवन नगर्न र साथमा लिएर आउन पूर्ण रूपमा निषेध गरिएको उनले जानकारी दिए । तोकिएका वर्ग र प्रयोजन बाहेकका अन्य व्यक्तिलाई अदालतको अनुमति बिना प्रवेशमा रोक लगाइएको छ भने सुरक्षा गार्डले मुख्य ढोकामा कडा जाँच गरेर मात्र प्रवेश अनुमति दिने व्यहोरा अदालतको सूचनामा उल्लेख गरिएको छ ।

# ‘एआई एक्सरे’बाट क्षयरोग सङ्क्रमित खोज्दै ‘तुलसीपुर’

तुलसीपुर । दाङको तुलसीपुरलाई क्षयरोगमुक्त बनाउनका लागि ‘एआई एक्सरे’ मेसिनबाट सङ्क्रमित पहिचान गर्ने गरिएको छ । तुलसीपुरका १९ वटा वडामध्ये १७ वडामा ‘एआई एक्सरे’बाट क्षयरोगका बिरामी खोजिएको फोकल पर्सन शिवप्रसाद तिवारीले बताए ।

तुलसीपुरको २ र १३ नम्बरमा भने अझै त्यसरी बिरामी खोजिएको छैन । त्यो बाहेक अन्य १७ वडामा ‘एआई एक्सरे’बाट बिरामी खोजिएको उनको भनाइ छ । विभिन्न शिविरमा उक्त मेसिन प्रयोग गरेर सङ्क्रमित खोज्ने गरिएको छ । जसले चिकित्सकलाई क्षयरोग पहिचान गराउन सहज भएको छ ।

“पहिले साधारण एक्सरेबाट क्षयरोग पहिचान गर्ने गरिन्थ्यो,” उनले भने-“अहिले एआई एक्सरेबाट रोग पहिचान गर्ने गरेका छौँ, त्यसले सहज बनाएको छ ।”

एआई एक्सरेले साधारण माइक्रोस्कपी गर्दा पनि नदेखिएको क्षयरोगको सङ्क्रमण देखाउने गरेको तुलसीपुर उपमहानगरपालिकाका जनस्वास्थ्य प्रबर्द्धन शाखा प्रमुख ओमपी न्यौपानेले बताइन् । उनका अनुसार एआई एक्सरेमा सङ्क्रमण देखिएमा त्यसको पुष्टीका लागि पुनः ‘जीनएक्सपर्ट’ मेसिनमा परीक्षण गरिन्छ । यो सेवा राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा रहेको छ ।

“हामीले पहिले एआइएक्सरे मेसिनबाट हेर्छौं, त्यसपछि जीनएक्सपर्ट मेसिनमा परीक्षण गरेपछि पोजेटिभ देखिएमा उपचार सुरु गर्छौं”, शाखा प्रमुख न्यौपानेले भनिन्-“यसरी हामीले सङ्क्रमित पहिचान गरी उपचार गर्ने गरेका छौं ।”

सङ्क्रमितलाई ‘डटस्’ अर्थात् प्रत्येक दिन निगरानी गरेर औषधि खुवाउने गरिएको छ । यसरी छ महिनासम्म प्रत्येक्ष स्वास्थ्यकर्मीको निगरानीमा औषधि खुवाउने गरिएको शाखा प्रमुख न्यौपानेले बताइन् ।

तुलसीपुर उप-महानगरपालिकालाई क्षयरोगमुक्त पालिका बनाउने अभियानअन्तर्गत यसरी क्षेयरोग सङ्क्रमितको पहिचान गरि उपचार गर्ने गरिएको छ । हाल उक्त कार्यक्रम दोस्रो वर्षमा सञ्चालित छ । आर्थिक वर्ष २०८१/८२ देखि तुलसीपुरमा उक्त कार्यक्रम सञ्चालनमा आएको हो ।

तुलसीपुर उप-महानगरपालिकाले ९७ प्रतिशत सङ्क्रमितलाई उपचार गरिसकेको प्रमुख न्यौपानेले जनाइन् । चालु आर्थिक वर्षको जेठ १८ गतेसम्म तुलसीपुरमा ३५५ जना सङ्क्रमित पहिचान गरिएको छ । १५ वर्ष मुनीका ३४ जना र १५ वर्ष माथिका ३२१ जनामा क्षयरोग सङ्क्रमण भएको पुष्टि भएको छ । प्रत्येक एक लाखमा २२७ जनामा क्षयरोग सङ्क्रमण देखिएको उनको भनाइ छ । हाल तुलसीपुरमा १३ डट्स केन्द्र, चार स्थानमा टीवी माइक्रोस्कपी लागु गरिएको छ ।

**क्रिकेट** ...

उनले यू-१९ एसिया कपमा नेपाली टोलीको प्रशिक्षकको जिम्मेवारी निर्वाह गरेका थिए । पत्रकार सम्मेलनमा शक्ति गौचनको प्यानलका उपाध्यक्षका उम्मेदवार संजिवराज जोशीले अघिल्लो अधिवेशनमै गौचनलाई यसपटक नेतृत्व दिने भद्र सहमति भएको हुँदा त्यसलाई पालना गर्न आग्रह गरे । क्रिकेट खेलमा २५ वर्ष योगदान र नेपालको नाम अन्तर्राष्ट्रियस्तरमा चम्काउन योगदान गरेका गौचनको सम्मानका लागि पनि यसपटक नेतृत्व दिनुपर्ने तर्क गरे । गौचन नेतृत्वमा आएपछि रुपन्देहीलाई भारत उत्तर प्रदेशका क्रिकेट क्लबहरुसँग जोडेर खेल पर्यटनमा नयाँ आयाम थप्ने योजना रहेको बताए ।

अध्यक्षका अर्का उम्मेदवार थापाले शुक्रबार नेतृत्वमा दोहोरिन उम्मेदवारी घोषणा गरेका थिए ।

**श्री सरस्वती आधारभूत विद्यालय**
बुद्धभूमि न.पा.-८, कुर्सिया, कपिलवस्तु

**शिक्षक आवश्यकता**

मितिः- २०८३।०२।२४ गते

उपर्युक्त विषय सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाइ कपिलवस्तुको च.नं. ७३६ मिति २०८३।०२।०७ गतेको प्राप्त अनुसार यस श्री सरस्वती आ. वि. झुसियाको वि.व्य.स. को मिति २०८३।०२।१८ गते बसेको बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको प्रा.वि. राहत अनुदान कोटाको करार पदमा १ जना शिक्षकको पदपुर्ति गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित सर्तहरूको परिधि भित्र रही इच्छुक योग्यता पुगेका नेपाली नागरिकवाट दरखास्त अव्हान गरिन्छ ।

**आवश्यक कागजातहरुः-**

१) **विज्ञापन नं.**- १२/२०८२/०८३ २) **पद** :- प्रा.वि. राहत (करार)
३) **उमेर**: १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । ४) **निवेदन दस्तुर**:- रु. १०००/-
५) **दरखास्त दिने स्थान**:- श्री सरस्वती आधारभूत विद्यालय. झुसिया क.ब. ।
६) **दरखास्त दिने मिति**:- २०८३/०२/२१ गते देखी २०८३/०३/०४ गते विद्यालय समय भित्र
७) **तलब स्केल**:- नेपाल सरकारले तोके बमोजिम ८) **परिक्षाको किसिम**: लिखित र मौखिक ।
१) **पेश गर्नुपर्ने कागजातहरुः**-
- हस्तलिखित निवेदन पेश गर्नुपर्ने ।
- शिक्षक अध्यापन अनुमति पत्रको प्रतिलिपी ।
- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
- योग्यता :- १०+२ उत्तीर्ण वा सो सरह ।
- निरोगिताको प्रमाण पत्र

१७) परिक्षा मिति र समय बुद्धभूमि नगरपालिकाको शिक्षा शाखा सँग समन्वय गरी पछि जानकारी गराइने छ ।
११) म्याद नाघी आएका, रित तथा प्रमाण नपुगेका दरखास्तहरु समावेश गरिने छैन तर अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट सम्म म्याद रहनेछ ।
१२) लिखित परिक्षामा सफल उम्मेदवारहरुले अन्तर्वार्तामा सहभागी हुन आँउदा सक्कल प्रमाण पत्रहरु साथमा लिई आउनु पर्ने छ ।
**(नोट शिक्षा नियमावलीको नियम ९७ बमोजिम शिक्षक सेवा आयोगको करार सूचीका उम्मेदवारहरुको निवेदन परेमा सोही बमोजिम छनोट हुनेछ ।**

प्रधानाध्यापक

दफा २४ (क) सँग सम्बन्धित
तेजस्वी बचत तथा ऋण सहकारी संस्था लि.
व्यवसाय विभाग
डाँक बढाबढबाट लिलाम बिक्री सम्बन्धी सूचना

**धितो लिलाम गर्ने वारे ३५ दिने अत्यन्त जरुरी सूचना**

प्रथम पटक प्रकाशन मितिः २०८३/०३/२४

यस संस्थाको ऋण नीति बमोजिम तपसिलमा उल्लेखित ऋणीले उपयोग गरेको ऋणको साँवा, ब्याज रकम तिर्न बुझाउनु पर्नेमा पटक पटक पत्राचार गरी ताकेता गर्दा पनि तिर्न बुझाउन नआएकोले मिति : २०८२/१०/१२ मा ३५ दिने मिती २०८२/११/१९ मा १५ दिने र २०८२।१२।०५ गते ७ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको थियो। उक्त सूचना प्रकाशन गरी ऋण भुक्तानीको आग्रह गर्दा समेत ऋणीले ऋणको साँवा, व्याज तिर्न बुझाउन नआएकोले संस्थाको ऋण रकम अशुल उपर गर्नका लागि ऋणीले ऋणको सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति (जग्गा) जहाँ जस्तो अवस्थामा छ त्यस्तै अवस्थामा लिलाम बिक्रीको लागि सहकारी ऐन २०७४ को दफा ७९ र नियमावली २०७५ को नियम ३० (घ) बमोजिम धितो बापतको सम्पत्ति लिलाम बिक्रीको लागि ३५ दिने सूचना प्रकाशन गरिएकोछ । अतः ३६ औं दिनको दिनमा दिउँसो ३:०० बजे संस्थाको कार्यालयमा डाँक बढाबढबाट लिलाम बिक्रि गर्ने भएको हुँदा उक्त जग्गा खरिद गर्न इच्छुक महानुभावहरु बोलपत्र खुल्ने दिन उपस्थित हुन सूचित गरिन्छ । डाँक बढाबढ हुने दिन ऋणीलाई समेत उपस्थितीको लागि यसै सूचना मार्फत सूचित गरिन्छ । तर कोही उपस्थित नभएको कारणले मात्र डाँक बढाबढ गर्न बाधा पर्ने छैन । सो दिन डाँक बोल्ने कुनै व्यक्ति उपस्थित नभएमा सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम उक्त धितो रहेको जग्गा संस्थाको नाममा दाखिल खारेज भै जाने व्यहोरा सूचित गरिन्छ ।

**तपसिल**

| | |
|---|---|
| ऋणीको नाम : | तारा कुमारी श्रेष्ठ |
| ऋणीको ठेगाना : | बुटवल - ११ रुपन्देही |
| जमानीकर्ता विवरण : | घनश्याम श्रेष्ठ |
| धितोको विवरण : | रुपन्देही जिल्ला. वुटवल /उ.म.न.पा/ वडा न ११ बस्ने को. गणेश मान श्रेष्ठको नातिनी पदम लाल श्रेष्ठको छोरी घनश्याम श्रेष्ठको श्रीमती वर्ष ३६. को तारा कुमारी श्रेष्ठ नाममा मालपोत कार्यालय वुटवलं रुपन्देहीमा दर्ता श्रेष्ता कायम भएको रुपन्लेही जिल्ला सैनामैना न.पा को वडा नं ४ कि. नं १०२८ क्षे. फ ०-०-७७५-० को जग्गा |

**शर्त बन्देजहरु :**

१. स्वीकृत गरिएको डाँकको कबोल गरेको रकमको १० प्रतिशत रकम संस्थाको नाममा लक्ष्मी सनराइज बैकमा रहेको बैंक खाता नं. ०५२०८०१२०६७०१००१ मा सोही दिनमा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।
२. लिलाम गर्न लागेको अचल सम्पत्ति निरिक्षण गर्न चाहाने व्यक्तिले कार्यालय समय भित्र सम्पर्क गरेर हेर्न सक्नु हुनेछ ।
३. डाँक बढाबढमा हुन कुनै थप शुल्क लाग्ने छैन ।

**तेजस्वी सहकारी संस्था लि.**
**फोन नः ०७१-५३०६७५**

**Ex-servicemen contributory health scheme (ECH) हराएको सूचना ।**

मेरो निम्न विवरण भएको Ex-servicemen contributory health scheme (ECH) ओम सतिया देखि भैरहवा मेडिकल कलेज जाने क्रममा बाटोमा खसेर हराएको हुँदा फेला पाउनुहुने जो कोहि व्यक्तिले नजिकको प्रहरी कार्यालय वा तल उल्लेख गरेको ठेगानामा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गर्दछु ।

**नामः पूर्ण बहादुर थापा**
**ठेगानाः ओम सतिया गा.पा-१, ठुटिपिपल**
**मो.नं.: ९८२१४७२७०९**



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि प्रशासन कार्यालय**
तौलिहवा, कपिलवस्तु

**म प्रशासन कार्यालय, तौलिहवा, कपिलवस्तुबाट प्रकाशित हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना ।**

मिति :- २०८३।०२।२४

जिल्ला कपिलवस्तु कपिलवस्तु नगरपालिका वडा नं. ५ बस्त्रे संत कुमार चौबेको नाति, राम भरोसे चौबेको छोरा राम नरेश चौबेले तपसिलमा उल्लेखित कित्ताहरु सूर्यमति तिवारीको नाऊँमा कायम श्रेस्ता भिडाई, कपिलवस्तु नगरपालिका वडा नं. ५ बस्ने श्रीराम तिवारीको २०६७।०८।२४ गते र निजको एक मात्र पत्नी सूर्यमति तिवारीको मिति २०८३।०१।१० गते मा मृत्यु भएको । मृतक दम्पत्ति बाट कुनै छोराछोरीको जाय जन्म नभएको र मृत्यु अगावै ज.ध. सूर्यमति तिवारीले मिति २०८०।०२।०४, र. नं. १।४५२१ विगो नखुलेको शे. व. लिखत निवेदक राम नरेश चौबेको नाऊँमा पारित गरिदिएको, मृतक ज.ध. सूर्यमति तिवारीका नाऊँमा श्रेस्ता कायम कित्ता जग्गाहरु विगो नखुलेको शे. व. बमोजिम मेरो नाऊँमा एकलौटी दा. खा. गरिपाऊँ भनि मिति २०८३।०२।१३ को माग निवेदन पेश गरेको सम्बन्धमा निवेदकको माग दावी बमोजिम निजको नाऊँमा दा. खा गर्न नमिल्ने कुनै कारण भए, अरु कसैको हकदैया वा स्वामित्वमा असर पर्ने भए, सरकारी सार्वजनिक गुठी तथा हदवन्दी भन्दा बढी जग्गा घुसेको भए, कुनै बैंक वित्तिय संस्था, सरकारी निकाय वा व्यक्ति विशेषको मुद्दा मामिला र धितो बन्धक रोक्कामा असर पर्ने भए, कसैले यस अगावै उक्त जग्गा हक हस्तान्तरणका लागि पूर्व मिसिल खडा गरी प्रक्रियामा रहेको भए ठोस सवुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्नुहोला । म्याद भित्र कुनै दावी उजुर नपरेमा नियमानुसार निवेदन स्वीकार गरी प्रचलित कानून बमोजिम भई जाने सम्बन्धित सबैका लागि सूचना प्रकाशन गरिएको छ ।

| गा.वि.स. | वडा नं. | कित्ता नं. क्षेत्रफल | दर्ता वालाको नाम थर वतन | कै |
|---|---|---|---|---|
| गोटिहवा | ७ क | २१६७ (०-१-१-१), १०६४ (०-१४-१०) २०५ (०-१-१५), २०७(०-१-१० ) १४८७ ( ०-०-१४), २१४ (०-०-१५ ) २०६ (०-१-६), २०८ (०-०-८) २१३ (०-१-९), १६०३ (०-१-६) १३३ (०-४-२), २३४ (०-१-०) ३८८ (०-०-७), ३९० (०-२-५) ४ (०-३-१५), ७ (०-१०-११) २०९ (०-४-१०) | नाम थर : सूर्यमति तिवारी पतिको नाम : श्रीराम तिवारी ससुराको नाम : जमुना प्रसाद तिवारी ना.प्र.प. न. रजा. मि. :६५/२०४६/०२/१२ कपिलवस्तु ठेगाना : जिल्ला कपिलवस्तु साविक गा.वि.स. गोटिहवा -७ हाल कपिलवस्तु न. पा. वडा नं. ५ कपिलवस्तु | |
| | ८क | १६९८ (०-७-० ) | | |
| बसन्तपुर | ६ ख | ३०० (०-१४-५-२) | | |

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी



**धान रोप्दै कृषकः**
लुम्बिनी प्रदेशको प्यूठान नगरपालिकास्थित बिजुवार फाँटमा धान रोप्दै कृषक । नगरपालिकाले सिँचाइ कुलोको उचित व्यवस्थापन गरेसँगै किसानहरू यतिबेला खेतमा व्यस्त देखिन्छन् । तस्विरः रासस

# रोयल इनफिल्ड बुटवलको च्यारिटी राइड





बुटवल । रोयल इनफिल्ड बुटवल, गैरे प्रतिष्ठान प्रालिले पहिलोपटक च्यारिटी राइड गरी बुटवल देवीनगरस्थित अपांग आश्रमलाई खाद्यान्न र नगद सहयोग गरेको छ ।

प्रालिले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत मानवीय सेवा गर्ने उद्देश्यले कालिकानगरस्थित शो रुमबाट देवीनगर रंगशाला नजिक रहेको अपांग आश्रमसम्म च्यारिटी राइड गरेको हो ।

च्यारिटी राइडमा बुटवल, सैनामैना, देवदह, तिलोत्तमा लगायतका ठाउँका ५० बढी राइडर सहभागी भएका थिए । अपांग आश्रममा पुगेपछि गैरे प्रतिष्ठान प्रालिकी सञ्चालिका लक्ष्मी गैरे , प्रबन्ध निर्देशक प्रवेशराज गैरलगायतले आश्रमलाई चामल,दाल, आलु, प्याज, खाने तेल, चिनीलगायत खाद्य समग्रीहरु हस्तान्तरण गरेका छन् ।

साथै च्यारिटी राइडमा सहभागी भएर मानवीय सेवाको पवित्र कार्यमा हातेमालो गर्दै टोपराज सुनारले १० हजार, चेतबहादुर सारु सैनामैनाले ५ हजार, सैनामैना राइडर क्लबले २१ सय, गजबहादुर थापाले २५ सय, अमित थापाले २ हजार, मिनबहादुर दर्लामीले २१ सय, लिलाम्बर थापाले २ हजारलगायत अन्य राइडरहरुले समेत गरी ३५ हजार ४ सय रुपैयाँ संकलन गरी सो रकम पनि अपांग आश्रमलाइ हस्तान्तरण गरिएको छ ।

सो अवसरमा बोल्दै गैरे प्रतिष्ठान प्रालिकी सञ्चालिका लक्ष्मी गैरेले यसअघि ढोरपाटन र क्राउन राइड जस्ता कार्यक्रम भब्यरुपमा सम्पन्न गरेकोमा यसपटक मानवीय सेवा भावले च्यारिटी राइड आयोजना गरी अपांग आश्रममा आश्रित असहाय नागरिकलाई सहयोग गर्न पाएकोमा खुशी व्यक्त गरिन् ।

प्रालिका प्रबन्ध निर्देशक प्रवेशराज गैरेले च्यारिटी राइडमा सहभागी राइडर तथा आश्रमलाई आर्थिक सहयोग गर्ने राइडरहरुलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि संस्थाले सामाजिक उत्तरदायित्वअन्तर्गत मानवीय सेवाका कार्यक्रमलाई निरन्तरता दिने बताए ।

# जोखिम मोलेर करका दर परिवर्तन : अर्थमन्त्री




बुटवल । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले तीन दशकपछि ठुलो आँट गरेर र जोखिम मोलेर करका दर परिवर्तनको निर्णय गरिएको बताएका छन् ।

नेपाल उद्योग परिसंघ (सीएनआई) को २३औँ वार्षिक उत्सवको अवसरमा शुक्रबार काठमाडौँमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री वाग्लेले लगानीकर्ताको प्रोत्साहन र अर्थतन्त्र सुधारको उद्देश्यले जोखिम उठाएको बताएका हुन् । अर्थतन्त्रलाई गति दिएर एक सय अर्ब डलरको अर्थतन्त्र बनाउने उद्देश्य हासिल गर्ने गरी बजेट बनाइएको उनले बताए । उनले भने-'पञ्चवर्षीय बजेटको पहिलो किस्ताको रूपमा यस वर्षको बजेट आएको छ । पाँच/सात वर्षमा अर्थतन्त्रको आकार उपभोक्ता मूल्यमा १०० अर्ब डलरको बनाउने लक्ष्य राखेका छौँ । त्यो लक्ष्य हासिल हुने गरी बजेट बनाइएको छ ।'

बजेटमा ठुलो मात्रामा राजस्वको लक्ष्य राखिएको र त्यसका लागि प्रधानमन्त्रीले ढाडस दिएको अर्थमन्त्री वाग्लेले बताए । 'काठमाडौँको मेयर रहँदा चार अर्बको राजस्वलाई बढाएर १२ अर्ब पुऱ्याएको बताउँदै प्रधानमन्त्रीले राजस्व संकलन बढाउन सकिन्छ भन्ने ढाडस दिनुभयो । त्यसपछि हामीले आँट गरेर ठुलो मात्रामा राजस्वका लक्ष्य राखेका छौँ ।'- वाग्लेले भने ।

राजस्वको लक्ष्य पूरा गर्न आन्तरिक राजस्व कार्यालयलाई पुर्नसंरचना गर्ने र कर चुहावटमा ध्यान दिएर रोक्ने उनले बताए । आगामी दिनमा सानो आकारको अर्थतन्त्रमा अल्भिदा आर्थिक वृद्धि नहुने भएकाले ठुलो आर्थिक वृद्धिको लक्ष्य लिएको अर्थमन्त्रीको दाबी छ ।

उनले भने-'हामीले लिएको लक्ष्य वास्तविक छ। यो हावादारी कुरा होइन । तर, आर्थिक वृद्धिका लागि निजी क्षेत्रको साथ चाहिन्छ । जोखिम मोलेर लगानी गर्ने निजी क्षेत्रले हो ।'

आगामी आर्थिक वर्षको बजेट उद्योगी, व्यवसायीमैत्री बनाएको अर्थमन्त्रीको दाबी छ । उनले भने-'सीएनआईलाई नै बजेट लेख्न दिएको भए पनि यत्तिको व्यवसायीमैत्री बजेट बन्दैनथ्यो होला । यति ठुलो मात्रामा करको दर हेरफेर गर्न ठुलो राजनीतिक आँट चाहिन्छ। हामीले त्यो काम गरेका छौँ ।'

परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले नीतिगत स्थिरता र कानुनी सुधारमार्फत् १०० अर्ब डलरको अर्थतन्त्र निर्माण सम्भव रहेको बताएका छन् । सीएनआईको २३औँ वार्षिकोत्सवको अवसरमा काठमाडौंमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै पाण्डेले १०० अर्ब डलरको अर्थतन्त्र ठुलो जीडीपीको लक्ष्य मात्रै नभई उच्च राजस्व, गुणस्तरीय पूर्वाधार, रोजगारी सिर्जना र बलियो मध्यम वर्ग निर्माणको आधार भएको बताए ।

उनले भने-'हामी आफ्नै पालामा मुलुक समृद्ध भएको देख्न र त्यसका लागि योगदान गर्न चाहन्छौँ । समृद्धि हासिल गर्न अर्थतन्त्रको आकार, प्रतिव्यक्ति आय र सामाजिक सूचकहरूमा उल्लेखनीय सुधार आवश्यक छ ।'

नेपाल उद्योग परिसंघले लगानी बोर्डसँगको सहकार्यमा हालको करिब ४५ अर्ब डलरको अर्थतन्त्रलाई एक दशकभित्र १०० अर्ब डलर पुऱ्याउने सम्भावनाबारे अध्ययन गरेको उनले बताए । पूर्वाधार, ऊर्जा, सूचना प्रविधि, उत्पादनमूलक उद्योग, पर्यटन, कृषि, खानी तथा खनिज, शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखी गरिएको अध्ययनले आगामी १३ वर्षमा वास्तविक मूल्यमा १०० अर्ब डलरको अर्थतन्त्र बन्न सक्ने र त्यसका लागि औसत ६ प्रतिशत आर्थिक वृद्धि आवश्यक देखिएको उनले बताए ।

'सरकारले ७ प्रतिशत वृद्धिको लक्ष्य राखेको छ भने हाम्रो अध्ययनले दीर्घकालीन रूपमा ६ प्रतिशत वृद्धि कायम राख्न सके लक्ष्य हासिल सम्भव रहेको देखाएको छ ।'- पाण्डेले भने ।

पर्याप्त अवसरको अभावमा युवा जनशक्ति विदेशिन बाध्य रहेको र अर्थतन्त्र अझै रेमिट्यान्समा निर्भर रहेकाले त्यसलाई सुधार गर्नुपर्ने पाण्डेको भनाइ छ ।

मुलुकको अर्थतन्त्रलाई नयाँ दिशा दिन सरकारले छोटो अवधिमै आशा जगाउने काम गरेको पाण्डेले बताएका छन् । 'नीतिगत तथा कानुनी सुधार र सार्वजनिक सेवा प्रवाहमा भएका प्रयासले निजी क्षेत्रलाई आशावादी बनाएको छ । सरकारको १०० बुँदे योजनामा सामाजिक, आर्थिक, सुशासन र सेवा प्रवाहका महत्वपूर्ण विषय समेटिएका छन्,' पाण्डले भने-'ती प्राथमिकतालाई आधार बनाएर आएको आगामी आर्थिक वर्षको बजेटलाई सीएनआईले स्वागत गरेको छ ।'

औद्योगिक प्रवर्द्धनलाई केन्द्रमा राखिएको बजेटले आन्तरिक उत्पादन बढाउनुका साथै विदेशी लगानी आकर्षित गर्ने पाण्डेको दाबी छ । 'उत्पादनमूलक उद्योगका लागि तयारी वस्तु र कच्चा पदार्थबिच भन्सारमा एक तहको फरक कायम गर्न २७३ वस्तुको भन्सार घटाइएको छ । परिसंघले दुई तहको फरकको सुझाव दिएको भए पनि यो निर्णयले स्वदेशी उत्पादनलाई प्रतिस्पर्धी बनाई औद्योगिकीकरणलाई गति दिनेछ,' पाण्डेले भने-'३६० वस्तुमा अन्तःशुल्क खारेजीले उत्पादन लागत घटाउन सहयोग गर्ने विश्वास छ ।' मोतीपुर र मयूरधाप औद्योगिक क्षेत्र निजी क्षेत्रलाई सार्वजनिक-निजी साझेदारीमा निर्माण तथा सञ्चालन गर्न दिने गरी बजेटमा आएको व्यवस्था सकारात्मक भएको उनले बताए ।

परिसंघले भने शक्तिखोर र मोतीपुर औद्योगिक क्षेत्र सञ्चालनका लागि विगतमा नै सरकारसमक्ष प्रस्ताव पेश गरेको थियो । यो औद्योगिक क्षेत्र निर्माणको काम आगामी आर्थिक वर्षमै कार्यान्वयन हुने अपेक्षा रहेको पाण्डेले बताएका छन् ।

बजेटमा आएको विद्युत् डिमाण्ड शुल्क पुनरावलोकन, महसुल छुट तथा औद्योगिक क्षेत्रका संरचनालाई बैंकिङ प्रयोजनका लागि धितो राख्न सकिने व्यवस्थाले औद्योगिकीकरणलाई प्रोत्साहन गर्ने उनले बताए ।

स्वचालित भ्याट फिर्ता, विवादित करमा एक प्रतिशत तिरेर मुद्दा फिर्ता हुने तथा ब्याज-जरिवाना नलाग्ने व्यवस्था व्यवहारिक रहेको त्यसले उद्योगी तथा लगानीकर्तालाई ठुलो राहत दिने पाण्डेले बताए ।

# नुवाकोट सडकको दायाँ बायाँ बृहत् सरसफाइ



बुटवल । विश्व वातावरण दिवस २०२६ को अवसरमा पर्यावरण संरक्षण समाज नेपालको आयोजनामा बुटवलको नुवाकोट सडकको दायाँ बायाँ जङ्गल क्षेत्रमा वृहत् सरसफाइ कार्यक्रम सम्पन्न भएको छ ।

वातावरण संरक्षण तथा सरसफाइप्रति नागरिकमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजित कार्यक्रममा झण्डै एक हजार जनाको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रममा नेपाल प्रहरी, फ्रीयोगा वाणिज्य क्याम्पस, शिवालय जुम्मा, विभिन्न टोल विकास समिति, सामाजिक अभियन्ता तथा युवाहरूको सक्रिय सहभागिता रहेको थियो । सरसफाइ अभियानका क्रममा जङ्गल क्षेत्रबाट करिब ८० क्विन्टल फोहर संकलन गरिएको आयोजकले जनाएको छ ।

कार्यक्रमका अध्यक्ष गङ्गा पोखरेलले वातावरण संरक्षण केवल सरकार वा कुनै एक संस्थाको मात्र जिम्मेवारी नभई सम्पूर्ण नागरिकको साझा दायित्व भएको बताइन् ।

उनले प्रकृति संरक्षण र स्वच्छ वातावरण निर्माणका लागि यस्ता अभियानलाई निरन्तरता दिनुपर्नेमा जोड दिइन् ।

उपाध्यक्ष अर्जुन ज्ञवालीले सरसफाइ अभियानले नागरिकमा सकारात्मक सन्देश प्रवाह गरेको उल्लेख गर्दै वातावरणीय चेतना अभिवृद्धिका लागि सामूहिक प्रयास आवश्यक रहेको बताए । उनले बृहत् सरसफाइ अभियानले आम नागरिकमा स्वच्छता र वातावरण संरक्षणप्रति जागरण ल्याउने विश्वास व्यक्त गरे ।

नुवाकोट जङ्गल तथा आसपासका क्षेत्रलाई सफा, हराभरा र व्यवस्थित बनाउने लक्ष्यका साथ यस्ता कार्यक्रम आगामी दिनहरूमा पनि निरन्तर सञ्चालन गरिने सचिव कृष्ण गाउँलेले बताए ।

सहभागीहरूले वातावरण संरक्षणका लागि व्यक्तिगत तथा सामूहिक जिम्मेवारी निर्वाह गर्न प्रतिबद्धता व्यक्त गरेका थिए ।

'पर्यावरण जोगाउनु सबैको दायित्व हो, स्वच्छ वातावरण नै स्वस्थ जीवनको आधार हो ।' भन्ने सन्देशसहित कार्यक्रम सम्पन्न भएको थियो ।

# रामग्राम नगरपालिकाका बालबालिकामा सबैभन्दा बढी कुपोषण




**गौरीशंकर जयसवाल**
*परासी*

जिल्लास्तरीय सरोकारवालाहरूसँग समीक्षा तथा सामाजिक परीक्षण कार्यक्रम सम्पन्न भएको छ। बेश नेपाल नवलपरासीले जिल्लामा सञ्चालित पोषणमार्फत् जीवन रूपान्तरण परियोजना सञ्चालन गरेको कार्यक्रमहरूको जिल्लास्तरीय सरोकारवालाहरूसँग समीक्षा तथा सामाजिक परीक्षण कार्यक्रम सम्पन्न गरेको हो ।

पश्चिम नवलपरासीमा पाँच वर्ष मुनिका बालबालिकाकामा कुषोषणको अवस्थाबारे जानकारी गराइएको थियो । स्थानीय तहसँगको समन्वयमा हेलेन केलर ईन्टरनेशनलले बेस नेपालमार्फत् सञ्चालन गरेको पोषणमार्फत् जीवन रुपान्तरण परियोजनाअन्तर्गत जिल्लाका सातै स्थानीय तहमा जारी पोषण लेखाजोखाका गर्ने कार्य गर्दै आएको छ ।

जिल्लामा जारी बालबालिकाको पोषण लेखाजोखाका क्रममा २२ हजार ६ सय ५४ जना बालबालिकाको जाँच गर्दा १३ दशमलव प्रतिशत कुपोषित देखिएको बेस नेपालका कार्यक्रम संयोजक शालिकराम पोखरेलले जानकारी दिए । उनको २ हजार ६ ९३ जनामा मध्यम कुषोषण र दुई सय ५० जनामा कडा खालको कुपोषण फेला परेको बताए । जिल्लाका ६ महिनादेखि ५९ महिनासम्मका कुल २२ हजार ६३६ जना बालालिकाको पोषण लेखाजोखा गर्ने लक्ष्य लिइएकोमा २२ हजार ६ सय ५४ जना बालबालिकाको पोषणको लेखाजोखा गरिएको संयोजकले पोखरेलले बताए ।

रामग्राम नगरपालिकामा सबैभन्दा बढी कुपोषण बालबालिका भेटिएको छ भने सबैभन्दा कम कडा कुपोषणमा सुनवल नगरपालिका रहेको छ । सुनवलमा नगरपालिका नगरपालिका तीन हजार २७ जनालाई लेखाजोखा गर्दा ४ सय ६३ जना मध्यम कुपोषण र १५ कडा कुपोषण बालबालिका भेटिएको छ । रामग्राम नगरपालिकामा तीन हजार १ सय ९३ लेखाजोखा परीक्षण गर्दा ४ सय ६३ जना मध्यम र ४७ जना कडा कुपोषण बालबालिका भेटिएका छन् ।

बर्दघाट नगरपालिकामा तीन हजार ८ सय ७ जना लेखाजोखा गरिएको जसमध्ये तीन सय ४८ जना र कडाखालको ४४ जना बालबालिका देखिएको छ । त्यस्तै सुस्ता गाउँपालिकामा २ हजार ३ सय ९३ जना बालबालिका लेखाजोखा गर्दा ३ सय ११ जना मध्यम खालको र ३७ कडाल खालको कुपोषण तथा सरावल गाउँपालिकामा २ हजार १ सय ४१ जना बालबालिकालाई लेखाजोखा गरिएकोमध्ये ४५० जना मध्यम र ३० कडा कुपोषण भेटिएको छ ।

यस्तै प्रतापपुर गाउँपालिकामा २ हजार चार सय ५० जना बालबालिकालाई लेखाजोखा गर्दा चार सय ६८ जना मध्यम र ३६ जना कडाखालको कुपोषण देखिएको तथा पाल्हीनन्दन गाउँपालिकामा २ हजार १ सय १ जनालाई लेखाजोखा गर्दा २ सय ९८ जना मध्यम र ४१ जना कडाखालको बनलबालिकालाई कुपोषण देखिएको बेन नेपालले जनाएको छ । मध्यम कुपोषण भएका बालबालिकाहरुलाई स्वास्थ्य संस्थाहरुले उपचारात्मक खाना(सुपरसिरियल प्लस) खुवाउन सुरु गरेका छन् भने कडा कुपोषणमा रहेका बालबालिकाहरुलाई नेपाल सरकारबाट प्राप्त आ.यु.टि.एफ.खुवाईएको छ ।

यसका साथै कुपोषित बालबालिकाको घरघरमा पुगेर बालबालिकाहरुलाई उपलब्ध गराइएको उपचारात्मक खाना खुवाए नखुवाएको, बालबालिकाको स्वास्थ्य सुधारको अवस्था तथा सरसफाइ र खानपानका बारेमा घरघरमा पुगेर परामर्श गर्ने कार्यलाई समेत अगाडि बढाइएको कार्यक्रम संयोजक पोखरेलले बताए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वसिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com